| अर्थ मन्त्रालय विविध शीर्षकबाट भएको निकासा तथा रकमान्तर विवरण (२०७३ जेष्ठ महिना) | | | | |
|---|---|---|---|---|
| निकासा गएको मन्त्रालय/निकाय | व.उ.शी.न. | बजेट शीर्षक | विवरण | रकम |
| श्री भन्सार बिभाग | ६०२०१६३ | भन्सार फिर्ता | करदाताबाट बढी दाखिला भएको रकम नेपाल चिया विकास निगमको रु. १४१५२०।- मेची भन्सार कार्यालय मार्फत र सुभलक्ष्मी सोप एण्ड डिटर्जेन्ट इन्डष्ट्रिज प्रालिको रु. २०९६८६।- भैरहवा भन्सार कार्यालय मार्फत फिर्ता गर्ने प्रयोजनार्थ भन्सार विभागको नाममा रकम निकासा । | ३५१२०६ |
| श्री म., बा.तथा समाज कल्याण मन्त्रालय | ६०२०१२३ | प्रतिनिधि मण्डलको भ्रमण तथा स्वागत खर्च | मन्त्रिपरिषदको मिति २०७३।०१।२३ को निर्णयानुसार १९-२० मे २०१६ सम्म स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने कार्यक्रममा सहभागी हुन जाने प्रतिनिधिहरुमध्ये पूर्व सहमति अनुसार सचिवज्यू लगायत ३ जनालाई नियमानुसार भ्रमण खर्च उपलब्ध गराउन म., बा.तथा समाज कल्याण मन्त्रालयको नाममा निकासा। | ६३४२५८ |
| श्री कानून, न्याय तथा सं.मा.मन्त्रालय | ६०२०१२३ | प्रतिनिधि मण्डलको भ्रमण तथा स्वागत खर्च | नेपाल सरकार मन्त्रिपरिषद् मिति २०७३।१।२३ को निर्णयानुसार AALCO को ५५ औ वार्षिक अधिवेशनमा भाग लिने ३ सदस्यीय प्रतिनिधिमण्डलको भ्रमण खर्च भ्रमण खर्च नियमावली, २०६४ वमोजिम खर्च गर्ने गरी रकम निकासा । | ५९४१८० |
| श्री सं. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ६०२०१५३ | आर्थिक सहायता | नेपाल सरकार (म.प.) को मिति २०७२।१२।१९ को निर्णयानुसार विश्व हिन्दु महासंघ, बाँसबारीलाई रु.बीस लाख, राजधोव उपत्यका सम्पर्क परिवार, शान्तिनगरलाई रु.दुई लाख, नेपाल तामाङ घेदुङ राष्ट्रिय कार्यकारिणी समिति, केन्द्रिय सचिवालय, काठमाडौंलाई रु.चार लाख र किंरात राई यायोक्खा केन्द्रिय कार्य समिति, काठमाडौंलाई रु.चार लाख आर्थिक सहायता उपलब्ध गराउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नाममा रकम निकासा। | ३०००००० |
| श्री भन्सार बिभाग | ६०२०१६३ | भन्सार फिर्ता | भन्सार महशुल बढी दाखिला भएको रकम अमृत पल्सेज इण्डष्ट्रिजलाई वीरगन्ज भन्सार कार्यालय मार्फत फिर्ता दिने प्रयोजनका लागि भन्सार विभागको नाममा रकम निकासा । | ४७१०८९ |
| श्री गृह मन्त्रालय | ६०२१०२३ | दैवी प्रकोप राहत तथा पुनर्स्थापना | मन्त्रिपरिषदको मिति २०७३।१।२० को निर्णयानुसार आगलागि पीडितहरुलाई जस्तापाता वितरण गर्ने प्रयोजनका लागि प्रचलित कानून र मापदण्ड अनुसार गर्ने गरी केन्द्रीय दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने प्रयोजनार्थ गृह मन्त्रालयको नाममा रकम निकासा । | ४३८००००० |
| श्री गृह मन्त्रालय | ६०२०१५३ | आर्थिक सहायता | मन्त्रिपरिषदको मिति २०७२।८।१७ को निर्णयानुसार मधेश आन्दोलनका क्रममा मृत्यु भएका व्यक्तिहरु (१) नागरेश्वर यादव, मध्यपुरा गा.वि.स.-९ सप्तरी (२) विरेन्द्र राम, डढा गा.व.स.-७ सप्तरी (३) दिलिप शाह, राजविराज न.पा.-१ सप्तरी (४) सोमती (सोहवाती) मुराउ, हाटी बनगाई गा.वि.स.-१ रुपन्देही का परिवारहरुलाई रु.१० लाखका दरले आर्थिक सहायता उपलब्ध गराउन गृह मन्त्रालयको नाममा रकम निकासा। | ४०००००० |

| | | | | |
|---|---|---|---|---|
| श्री गृह मन्त्रालय | ६०२०१५३ | आर्थिक सहायता | मन्त्रिपरिषदको मिति २०७३।०१।३० को निर्णयानुसार मधेश आन्दोलनको समयमा प्रहरीको गोली लागि घाइते भएका बेल्ही-८, सर्लाहीका विक्रम यादवको उपचारमा लागेको बिल भर्पाई बमोजिमको खर्च उपलब्ध गराउन गृह मन्त्रालयको नाममा रकम निकासा । | ५८८५४४ |
| श्री उद्योग मन्त्रालय | ६०२०१२३ | प्रतिनिधि मण्डलको भ्रमण तथा स्वागत खर्च | मन्त्रिपरिषदको मिति २०७२।१२।१९ को निर्णयानुसार इन्डोनेशियाको जाकार्तामा आयोजना भएको कार्यक्रममा भाग लिनुभएका उद्योग सचिव श्री सूर्य प्रसाद सिलवालज्यूको भ्रमण भत्ता उपलब्ध गराउन उद्योग मन्त्रालयको नाममा रकम निकासा। | ५४१३३ |
| श्री कृषि विकास मन्त्रालय | ६०२०१२३ | प्रतिनिधि मण्डलको भ्रमण तथा स्वागत खर्च | मन्त्रिपरिषदको मिति २०७२।१२।१९ को निर्णयानुसार ४ अप्रील देखि ७ अप्रिल २०१६ सम्म ढाकामा सम्पन्न SAARC Ministers of Agriculture को तेस्रो वैठकमा माननीय कृषि विकास मन्त्रीज्यूको नेतृत्वमा सहभागि हुन गएको ३ सदस्यीय प्रतिनिधि मण्डलको भ्रमण खर्च भ्रमण खर्च नियमावली २०६४ वमोजिम खर्च गर्ने गरी कृषि विकास मन्त्रालयको नाममा रकम निकासा । | ४५२७६२ |
| श्री परराष्ट्र मन्त्रालय | ६०२०१५३ | आर्थिक सहायता | मन्त्रिपरिषदको मिति २०७२।६।३ को निर्णयानुसार सम्बन्धीत राजदुतावासलाई उपलव्ध गराउन पूर्व प्रधानमन्त्री शुसिल कोइराला न्युयोर्कमा स्वास्थ्य उपचार गराउँदा लागेको खर्च परराष्ट्र मन्त्रालयको नाममा रकम निकासा। | १२१५९२ |
| श्री सं. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ६०२०१२३ | प्रतिनिधि मण्डलको भ्रमण तथा स्वागत खर्च | संस्कृति पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्रीको नेतृत्वमा चीनको वेजिङमा आयोजना भएको कार्यक्रममा गएको प्रतिनिधि मण्डलको हवाइ भाडा वापतको रकमी सं. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नाममा निकासा। | १६०००० |
| श्री गृह मन्त्रालय | ६०२०१५३ | आर्थिक सहायता | मन्त्रिपरिषदको मिति २०७३।१।२३ को निर्णयानुसार नापी कार्यालय सर्लाहीमा अज्ञात समूहद्वारा बम विस्फोटमा घाइते भएका हेमपुर गाविस-३ का किशोर महरालाई उपचारमा लागेको खर्च वापतको रकम उपलव्ध गराउन गृह मन्त्रालयको नाममा रकम निकासा। | १८५१८६ |
| श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ६०२०१७३ | कर फिर्ता | जय निर्माण सेवाले आ.व.२०७२/७३ मा धरौटी खातामा जम्मा गर्नुपर्ने रकम भुलवश राजस्व खातामा जम्मा भएकोले दाखिला भौचरबाट सुविधा उपभोग गर्न नपाउने गरी उक्त रकम जय निर्माण सेवालाई फिर्ता गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नाममा निकासा। | १०८००० |
| श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ६०२०१७३ | कर फिर्ता | निर्माण व्यवसायी इन्द्र एण्ड सन्स कन्स्ट्रक्सन प्रा.लि. ले डिभिजन सडक कार्यालय वाग्लुङ मार्फत धरौटी खातामा जम्मा गर्नुपर्ने रकम भुलवश राजस्व खातामा जम्मा भएकाले दाखिला रकमबाट सुविधा उपभोग गर्न नपाउने गरी नियमानुसार उपलब्ध गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नाममा रकम निकासा। | १५६००० |

| | | | | |
|---|---|---|---|---|
| श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ६०२०१७३ | कर फिर्ता | निर्माण व्यवसायी शिवम कन्स्ट्रक्सनले धरौटी खातामा जम्मा गर्नुपर्ने रकम भुलवस राजस्व खातामा जम्मा गरेकाले दाखिला भौचरबाट सुविधा उपभोग गर्न नपाउने गरी निज व्यवसायीलाई उपलब्ध गराउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नाममा रकम निकास। | ६०००० |
| श्री सं. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ६०२०१२३ | प्रतिनिधि मण्डलको भ्रमण तथा स्वागत खर्च | मन्त्रिपरिषदको मिति २०७२।१२।२६ को निर्णयानुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री मा. आनन्द पोखरेलज्यू बैंककमा भएको Nepal Festival कार्यक्रममा भाग लिन जाँदाको भ्रमण खर्च तथा भैपरी खर्च समेत उपलब्ध गराउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नाममा रकम निकास। | १५३२१३ |
| श्री स्वास्थ्य मन्त्रालय | ६०२०१२३ | प्रतिनिधि मण्डलको भ्रमण तथा स्वागत खर्च | मन्त्रिपरिषदको मिति २०७२।२।७ को निर्णयानुसार स्वीटजरल्याण्डको जेनेभामा सम्पन्न विश्व स्वास्थ्य संगठनको ६९ औं सभामा भाग लिन माननीय स्वास्थ्य मन्त्रीको नेतृत्वमा गएको प्रतिनिधि मण्डललाई भ्रमण खर्च उपलव्ध गराउन स्वास्थ्य मन्त्रालय नाममा रकम निकासा । | ५४८५२७ |
| श्री सूचना तथा सञ्चार मन्त्रालय | ६०२०१२३ | प्रतिनिधि मण्डलको भ्रमण तथा स्वागत खर्च | मन्त्रिपरिषदको मिति २०७३।१।७ को निर्णयानुसार सूचना तथा संचार मन्त्री मा. शेरधन राइले WSIS २०१६ कार्यक्रममा भाग लिन जाँदाको भ्रमण खर्च सूचना तथा सञ्चार मन्त्रालयको नाममा निकासा। | ५४१८४१ |
| श्री भन्सार बिभाग | ६०२०१६३ | भन्सार फिर्ता | ओम चावोविरो फिड इण्डष्ट्रिज प्रा.लि. विरगंजले बढी दाखिला गरेको राजस्व रकम नियमानुसार सुख्खा वन्दरगाह भन्सार कार्यालय मार्फत फिर्ता गर्ने प्रयोजनको लागि भन्सार विभागको नाममा रकम निकासा । | १२७८५२१ |
| श्री सूचना तथा सञ्चार मन्त्रालय | ६०२०१५३ | आर्थिक सहायता | मन्त्रिपरिषदको मिति २०७३।१।३० को निर्णयानुसार नेपाल पत्रकार महासंघलाई रु.१० लाख र पत्रकार श्यामकृष्ण दाहाललाई उपचार खर्च वापत रु.३ लाख गरी जम्मा रु. १३ लाख सूचना तथा सञ्चार मन्त्रालयको नाममा रकम निकासा । | १३००००० |
| श्री सं. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ६०२०२०४ | भौतिक सुविधा | राष्ट्रिय कला संग्रहालय भक्तपुरको धातुकला पछाडी सुरक्षा प्रहरी कोठा वनाउने कार्यको लागि देहाय वमोजिम रकम निकासा । | ५००००० |
| श्री शिक्षा मन्त्रालय | ६०२०१७३ | कर फिर्ता | एशिया पब्लिकेशनले म्याद पछि दाखिला गरेको राजस्व नियमानुसार फिर्ता गर्ने प्रयोजनका लागि शिक्षा मन्त्रालयको नाममा रकम निकासा। | ३१०००० |
| श्री भन्सार बिभाग | ६०२०१६३ | भन्सार फिर्ता | युनाइटेड डिष्ट्रव्यूटर्स नेपाल प्रा.लि ले बढि भन्सार महशुल दाखिला गरेको रकम विरगञ्ज भन्सार कार्यालय मार्फत नियमानुसार फिर्ता गर्ने प्रयोजनको लागि भन्सार विभागको नाममा रकम निकासा । | ५०५९०१ |

| | | | | |
|---|---|---|---|---|
| श्री गृह मन्त्रालय | ६०२०१५३ | आर्थिक सहायता | मन्त्रिपरिषदको मिति २०७३।२।१३ को निर्णयानुसार गृह मन्त्रालयको च.नं.१०७२ को पत्रमा उल्लेखित पूर्व सभासद मोहन बहादुर खत्री समेत २२ जना र च.नं.१०७३ को पत्रमा उल्लेखित मनोज पाण्डे समेत ९ जना व्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउन गृह मन्त्रालयको नाममा रकम निकासा। | ९२५०००० |
| **रकमान्तर निकासा गएको मन्त्रालय/निकाय** | **व.उ.शी.न.** | **बजेट शीर्षक** | **विवरण** | **रकम** |
| नगरपालिका अनुदान | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | मन्त्रिपरिषदबाट स्वीकृत जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यक्रममा नेपाल सरकारले व्यहोर्ने अनुदान वापतको रकम स्वीकृत कार्यक्रम, प्रचलित कानून र मापदण्ड बमोजिम दोहोरो नपर्ने तथा दुरुपयोग नहुने गरी सम्पन्न कामको प्रगतिका आधारमा उपलब्ध गराउन सं.मा.तथा स्था.बि.मन्त्रालयको नाममा रकमान्तर। | १००००००००० |
| संस्कृति प्रवर्द्धन कार्यक्रम | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | संस्कृति प्रवर्द्धन कार्यक्रमको रकम जननायक बी.पी.कोइराला स्मृती ट्रष्टको चालु अनुदानमा देहाय वमोजिम रकमान्तर निकासा । | ८००००० |
| वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६०२०१५३ | आर्थिक सहायता | प्रत्येक २/२ वर्षमा प्रदान गरिने महत्वपूर्ण व्यवसायिक व्यक्ति (CIP) सम्मान कार्यक्रमका लागि प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने गरी वाणिज्य मन्त्रालयको नाममा रकमान्तर निकासा । | १०००००० |
| जंगी अड्डा | ६०२१०२४ | दैवी प्रकोप राहत तथा पुनर्स्थापना | नेपाली सेनाको क्यामलरी नारायणहिटी परिसरमा स्थान्तरण गर्ने प्रयोजनका लागि पूर्व सहमति तथा स्वीकृत कार्यक्रम बमोजिम भवन निर्माण शिर्षकमा थप रकम निकासा । | १७७४००००० |
| जिल्ला प्रशासन कार्यालयहरु | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | हातहतियार तथा खरखजाना ऐन, २०१९ को दफा २५ बमोजिम प्र.ना.नि. नारायण शर्मालाई पुरस्कार वापतको रकम उपलब्ध गराउन गृह मन्त्रालयको नाममा रकमान्तर निकासा । | ३०५६८ |
| संस्कृति प्रवर्द्धन कार्यक्रम | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | वार्षिक स्वीकृत कार्यक्रम र विनियोजित बजेटको परिधिभित्र रही तीन सदस्यीय भ्रमण टोलीका लागि भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको खर्च व्यहोर्ने गरी देहाय बमोजिम रकमान्तर निकासा। | ७५०००० |
| पुनर्निर्माण प्राधिकरण | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | भूकम्प प्रभावित १४ जिल्लामा Enrollment Camp संचालन गर्न र त्यसको प्रभावकारी अनुगमन गर्ने प्रयोजनका लागि प्रचलित कानुन र स्वीकृत मापदण्ड वमोजिम खर्च व्यवस्थापन गर्ने गरी देहाय वमोजिम रकमान्तर निकासा। | ३१४१२००० |
| संस्कृति प्रवर्द्धन कार्यक्रम | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | मन्त्रिपरिषदको मिति २०७३।१।७ को निर्णयानुसार २५६० औं अन्तर्राष्ट्रिय बुद्ध जयन्ति समारोह तथा गोष्ठि कार्यक्रमको लागि सं. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नाममा रकमान्तर निकासा । | ४११५९००० |

| | | | | |
|---|---|---|---|---|
| प्रमाणीकरण नियन्त्रकको कार्यालय | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्रमाणीकरण नियन्त्रकको कार्यालय भवन स्थानान्तरणको लागि देहाय वमोजिम रकमान्तर निकासा । | ६६२३८७ |
| प्रमाणीकरण नियन्त्रकको कार्यालय | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्रमाणीकरण नियन्त्रकको कार्यालय भवन स्थानान्तरणको लागि देहाय वमोजिम रकमान्तर निकासा । | ५००००० |
| प्रशासकीय अदालत | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्रशासकीय अदालतको कार्य सञ्चालनको लागि देहाय वमोजिम रकमान्तर निकासा । | ८३०००० |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | खर्च मितव्ययिता कायम गर्दै प्रचलित नियमानुसार खर्च गर्ने गरी प्रधानमन्त्री तथा मं.प.को कार्यालयको नपुग हुने शिर्षकमा थप रकम निकासा । | २५००००० |
| पशुपति क्षेत्र विकास कोष | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | मन्त्रिपरिषदको मिति २०७३।१।२३ को निर्णयानुसार पूर्व प्रधानमन्त्रीहरु स्व. कृष्णप्रसाद भट्टराई, स्व. गिरिजा प्रसाद कोइराला र स्व. शुशिल कोइरालाको दाहसंस्कार एवं काजकिरिया खर्च शोधभर्ना दिने प्रयोजनका लागि सं. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नाममा रकमान्तर निकासा । | ३०१९६३१ |
| नेपाल कानून आयोग | ६०२०२०४ | भौतिक सुविधा | नेपाल कानून आयोगका लागि स्कुटर खरिद गर्न र स्वीकृत दरबन्दीमा एक जना कार्यालय सहयोगी सेवा करारमा लिने सहमति सहित देहाय बमोजिम रकमान्तर निकासा। | १७०००० |
| नेपाल कानून आयोग | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | नेपाल कानून आयोगका लागि स्कुटर खरिद गर्न र स्वीकृत दरबन्दीमा एक जना कार्यालय सहयोगी सेवा करारमा लिने सहमति सहित देहाय बमोजिम रकमान्तर निकासा। | २५००० |
| संस्कृति प्रवर्द्धन कार्यक्रम | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | स्वीकृत कार्यक्रम र प्रचलित कानून एवं मापदण्ड बमोजिम चालु आ.व.मा विनियोजन भएका आयोजना/कृयाकलापका लागि मात्र थप कार्य गर्ने प्रयोजनका लागि उपयोग गर्ने गरी थप रकम निकासा । | ४१४००००० |
| पर्यटन पूर्वाधार विकास आयोजना | ६०२१०६४ | भैपरि आउने- विकास कार्यक्रम | स्वीकृत कार्यक्रम र प्रचलित कानून एवं मापदण्ड बमोजिम चालु आ.व.मा विनियोजन भएका आयोजना/कृयाकलापका लागि मात्र थप कार्य गर्ने प्रयोजनका लागि उपयोग गर्ने गरी थप रकम निकासा । | ८६००००० |
| भंसार बिभाग (भंसार सुदृढीकरण समेत) | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्रचलित कानुन र मापदण्ड वमोजिम खर्च गर्ने गरी भन्सार विभागको कार्य संचालनका लागि थप रकम निकासा । | १६००००० |
| मन्त्रिपरिषद् | ६०२०२१३ | महशूल तथा अन्य भुक्तानी | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कार्य संचालनका लागि देहाय बमोजिम थप रकम निकासा। | १००००० |
| मन्त्रिपरिषद् | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको कार्य संचालनका लागि देहाय बमोजिम थप रकम निकासा। | ६९००००० |

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक राजस्व कार्यालयहरु | ६०२१०२४ | दैवी प्रकोप राहत तथा पुनर्स्थापना | भक्तपुर ईंटा टायल कारखानाले भोग चलन गरेको जग्गामा वाउण्ड्रिवाल निर्माण गर्न आन्तरिक राजस्व कार्यालय भक्तपुरको नाममा रकमान्तर निकासा। | १००००००० |
| श्रम तथा रोजगार मन्त्रालय | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्रचलित कानून र मापदण्ड बमोजिम खर्च गर्ने गरी निजामति कर्मचारीको ट्रेड युनियनको निर्वाचनका लागि देहाय बमोजिम रकमान्तर निकासा। | १२९५०००० |
| क्षेत्रीय प्रशासन कार्यालयहरु | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | क्षेत्रीय प्रशासन कार्यालयको कार्य संचालनका लागि प्रचलित नियमानुसार खर्च गर्ने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको नाममा देहाय बमोजिम रकमान्तर निकासा । | ३०५०००० |
| सशस्त्र प्रहरी बल | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | शसस्त्र प्रहरी वलको विभिन्न शीर्षकमा रकमान्तर तथा थप रकम रकमान्तर निकासा । | ३०००००० |
| महानगरीय सशस्त्र प्रहरी कार्यालय | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | शसस्त्र प्रहरी वलको विभिन्न शीर्षकमा रकमान्तर तथा थप रकम रकमान्तर निकासा । | ९००००० |
| नेपाल ए.पी.एफ अस्पताल | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | शसस्त्र प्रहरी वलको विभिन्न शीर्षकमा रकमान्तर तथा थप रकम रकमान्तर निकासा । | ५००००० |
| क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | शसस्त्र प्रहरी वलको विभिन्न शीर्षकमा रकमान्तर तथा थप रकम रकमान्तर निकासा । | ५०००००० |
| अर्थ मन्त्रालय | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | अर्थ मन्त्रालयको लागि अपुग हुने विभिन्न शिर्षकहरुमा थप रकम निकासा स्वीकृत। | ७०२०००० |
| संस्थागत सुदृढीकरण | ६०२०२०४ | भौतिक सुविधा | महान्याधिवक्ताको कार्यालयको कार्य संचालनका लागि देहाय बमोजिम थप निकासा स्वीकृत। | ६५०००००० |
| महान्यायाधिवक्ताको कार्यालय | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | महान्याधिवक्ताको कार्यालयको कार्य संचालनका लागि देहाय बमोजिम थप निकासा स्वीकृत। | २१५०००० |
| पुनरावेदन सरकारी वकिल कार्यालयहरु | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | महान्याधिवक्ताको कार्यालयको कार्य संचालनका लागि देहाय बमोजिम थप निकासा स्वीकृत। | २१००००० |
| जिल्ला सरकारी वकिल कार्यालयहरु | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | महान्याधिवक्ताको कार्यालयको कार्य संचालनका लागि देहाय बमोजिम थप निकासा स्वीकृत। | ४७००००० |
| सिंचाइ मन्त्रालय | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | सिंचाई मन्त्रालयको तलव, महंगी भत्ता र पोशाकमा नपुग हुने रकम थप निकासा। | १२५०० |
| दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम | ६०२१०२४ | दैवी प्रकोप राहत तथा पुनर्स्थापना | डोल्पा जिल्लाको नर्कु विद्युतिकरण आयोजनाको लागि चालु आ.व.मा विनियोजित बजेट अपुग भएकोले थप रकम निकासा। | ३१००००० |
| सीमा नापी टोली | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | सीमा नापी टोलीका लागि नपुग हुने रकम प्रचलित कानुन र मापदण्ड बमोजिम खर्च गर्ने गरी परराष्ट्र मन्त्रालयको नाममा थप रकम निकासा। | ६७००००० |

| | | | | |
|---|---|---|---|---|
| जिल्ला शिक्षा कार्यालयहरु | ६०२०२०४ | भौतिक सुविधा | जिल्ला शिक्षा कार्यालय, स्याङ्जाको लागि सवारी साधन खरिद गर्न शिक्षा मन्त्रालयको नाममा रकमान्तर निकासा। | ४९९५००० |
| वैदेशिक रोजगार न्यायाधिकरण | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | वैदेशिक रोजगार न्यायाधिकरणको कार्य संचालनका लागि नपुग हुने रकम थप निकासा। | ५४०००० |
| कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | महालेखा नियन्त्रक कार्यालयको देहाय वमोजिम रकमान्तर तथा थप रकमान्तर निकासा । | ११६२००० |
| समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रम समेत) | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्रशान्ति वृद्धाश्रम केन्द्र सुर्खेतको भवन निर्माणको लागि प्रचलित कानून र मापदण्ड अनुसार खर्च गर्ने गरी महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय को नाममा थप रकम रकमान्तर निकासा। | २०००००० |
| खानेपानी सेवा नियमन तथा पुनर्स्थापना कार्यक्रम | ६०२०२०४ | भौतिक सुविधा | स्वीकृत कार्यक्रम अनुसार खर्च गर्ने गरी खानेपानी तथा सरसफाई मन्त्रालयको लागि थप रकम रकमान्तर निकासा। | १००५००००० |
| विश्वविद्यालय अनुदान आयोग | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्राकृतिक श्रोत व्यवस्थापन कलेज (कृषि क्याम्पस), पुरन्चौर, कास्कीलाई पुँजिगत अनुदान दिने प्रयोजनको लागि विश्व विद्यालय अनुदान आयोगको नाममा थप रकम रकमान्तर निकासा। | ५००००००० |
| विशेष भवन निर्माण तथा सम्भार डिभिजन | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | करार सेवामा नियुक्त कर्मचारीहरुको नपुग पारिश्रमिक उपलब्ध गराउन सहरी विकास मन्त्रालयको नाममा थप रकम रकमान्तर निकासा। | ९४५००० |
| कन्सुलर सेवा विभाग | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्रचलित कानून र स्वीकृत मापदण्ड बमोजिम हुने गरी कन्सुलर सेवा विभागका लागि अतिरिक्त समय काम गरे वापतको रकम प्रमाणित हाजिरीका आधारमा भुक्तानी गर्ने प्रयोजनका लागि देहाय बमोजिम थप रकम निकासा। | ६००००० |
| संस्कृति प्रवर्द्धन कार्यक्रम | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | श्री पशुपतिनाथ एवं वाग्मती गंगा आरति सेवा समितिलाई उपलब्ध गराउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नाममा रकमान्तर निकासा। | १०००००० |
| औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | विशेष आर्थि क्षेत्र सम्बन्धी सफल अन्तर्राष्ट्रिय अनुभवहरुको वारेमा जानकारी लिन व्यवस्थापिका संसद, उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समितिका सभापतिको नेतृत्वमा ११ सदस्यीय प्रतिनिधि मण्डल चीन भ्रमणमा जान आवश्यक पर्ने रकम उद्योग मन्त्रालयको नाममा रकमान्तर निकासा । | ३३४७९६८ |
| लागू औषध नियन्त्रण कार्यक्रम | ६०२०२१३ | महशूल तथा अन्य भुक्तानी | लागु औषध नियन्त्रण व्युरोको कार्य संचालनका लागि थप रकम निकासा। | १५०००० |
| लागू औषध नियन्त्रण कार्यक्रम | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | लागु औषध नियन्त्रण व्युरोको कार्य संचालनका लागि थप रकम निकासा। | ८००००० |

| | | | | |
|---|---|---|---|---|
| पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | काष्ठमाण्डप र तारा एयरको विमान दुर्घटना जाँचवुझ आयोगका लागि सं. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नाममा रकमान्तर निकासा । | ५१५३४० |
| महालेखा नियन्त्रक कार्यालय | ६०२०२०४ | भौतिक सुविधा | महालेखा नियन्त्रक कार्यालयलाई पूँजीगत तर्फ नपुग हुने रकम देहाय वमोजिम रकमान्तर निकासा । | १८००००० |
| काठमाण्डौ उपत्यका विकास प्राधिकरण | ६०२१०६४ | भैपरि आउने- विकास कार्यक्रम | स्वीकृत कार्यक्रमका लागि नियमानुसार खर्च गर्ने गरी शहरी विकास मन्त्रालयको नाममा थप निकासा। | ५००००००० |
| नेपाली राजदूतावासहरु, स्थायी नियोगहरु र महावाणिज्य दूतावासहरु | ६०२०२०४ | भौतिक सुविधा | नेपाली राजदुतावास ब्रसेल्सको लागि गाडी खरिद गर्न नपुग रकम थप निकासा। | २५००००० |
| निवृत्तिभरण व्यवस्थापन कार्यालय | ६०२०२०४ | भौतिक सुविधा | निवृत्तभरण व्यवस्थापन कार्यालयको कार्यसंचालनका लागि थप निकासा स्वीकृत। | ३००००० |
| निवृत्तिभरण व्यवस्थापन कार्यालय | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | निवृत्तभरण व्यवस्थापन कार्यालयको कार्यसंचालनका लागि थप निकासा स्वीकृत। | ३००००० |
| काठमाण्डौ उपत्यका विकास प्राधिकरण | ६०२१०६४ | भैपरि आउने- विकास कार्यक्रम | कार्यक्रम स्वीकृत गराइ प्रचलित कानुन र मापदण्ड वमोजिम खर्च गर्ने गरी आरुवारी देखि जगडोल सम्मको भौतिक संरचनाको क्षतिपूर्ति भुक्तानि गर्न शहरी विकास मन्त्रालयको नाममा थप रकम निकासा। | ९२००००० |
| राष्ट्रपतिको कार्यालय (प्रशासनिक खर्च समेत) | ६०२०२०४ | भौतिक सुविधा | राष्ट्रपति निवास भवन निर्माणका लागि राष्ट्रपतिको कार्यालयको नाममा थप रकम निकासा। | ८४५६२०९ |
| ऋण असुली न्यायधिकरण | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्रचलित कानुन तथा मापदण्ड वमोजिम खर्च गर्ने गरी ऋण अशुली न्यायाधिकरणको कार्यसंचालनको लागि देहाय बमोजिम थप रकम निकासा। | ५००००० |
| वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६०२१०६४ | भैपरि आउने- विकास कार्यक्रम | रसुवा जिल्लाको टिमुरेमा सुख्खा वन्दरगाहा निर्माणको लागि कार्यक्रम स्वीकृत गराई प्रचलित कानुन र मापदण्ड वमोजिम खर्च गर्ने गरी देहाय वमोजिम रकमान्तर निकासा । | ४८४९०४२७० |
| जल उत्पन्न प्रकोप नियन्त्रण विभाग | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | थप भएका डिभिजन/सव डिभिजन कार्यालयमा नपुग हुने चालु खर्च तर्फ देहाय वमोजिम रकमान्तर निकासा । | ४२४०४४१ |
| नदी नियन्त्रण | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | थप भएका डिभिजन/सव डिभिजन कार्यालयमा नपुग हुने चालु खर्च तर्फ देहाय वमोजिम रकमान्तर निकासा । | ३०५००० |
| आन्तरिक राजस्व कार्यालयहरु | ६०२०२०४ | भौतिक सुविधा | प्रचलित कानून र मापदण्ड बमोजिम खर्च गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरको लागि चालु तथा पूँजिगत खर्चको लागि देहाय वमोजिम रकमान्तर निकासा । | १३००००० |

| | | | | |
|---|---|---|---|---|
| आन्तरिक राजस्व कार्यालयहरु | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्रचलित कानून र मापदण्ड बमोजिम खर्च गर्ने गरी ठूला करदाता कार्यालय, ललितपुरको लागि चालु तथा पूँजिगत खर्चको लागि देहाय वमोजिम रकमान्तर निकासा । | ५१००००० |
| रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा संरक्षण | ६०२१०६४ | भैपरि आउने- विकास कार्यक्रम | सिन्धुपाल्चोक जिल्लाको लार्चा वन्दरगाहाबाट भंसार कार्यालय सञ्चालन गर्न अरनिको राजमार्ग र निर्माणाधिन सुख्खा वन्दरगाहामा बेलिब्रिज जडान गर्न प्रचलित कानुन र मापदण्ड वमोजिम खर्च गर्ने गरी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नाममा रकमान्तर निकासा । | ५१५०००००० |
| धरान-चतरा-गाईघाट-सिन्धुलीबजार-हेटौंडा | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | धरान-चतरा-गाइघाट-कटारी-सिन्धुली-हेटौडा सडक योजनाको लागि चालु र पूँजीगत खर्चमा प्रचलित नियमानुसार खर्च गर्ने गरी देहाय वमोजिम रकमान्त निकासा । | ४०००० |
| धरान-चतरा-गाईघाट-सिन्धुलीबजार-हेटौंडा | ६०२१०६४ | भैपरि आउने- विकास कार्यक्रम | धरान-चतरा-गाइघाट-कटारी-सिन्धुली-हेटौडा सडक योजनाको लागि चालु र पूँजीगत खर्चमा प्रचलित नियमानुसार खर्च गर्ने गरी देहाय वमोजिम रकमान्त निकासा । | २००००० |
| सार्वजनिक खरिद अनुगमन कार्यालय | ६०२०२०४ | भौतिक सुविधा | प्रचलित कानून र नियमानुसार खर्च गर्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको लागि सवारी साधन खरिद गर्न रु.२० लाख रकमान्तर र रु.४० लाख थप निकासा स्वीकृत। | ४०००००० |
| शान्तिको लागि विकास कार्यक्रम | ६०२०२०४ | भौतिक सुविधा | स्वीकृत कार्यक्रमका लागि शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत शान्तिको लागि विकास कार्यक्रममा देहाय बमोजिम थप निकासा। | ६६३६०००० |
| नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान मार्फत चरीकोटमा आयोजना हुने राष्ट्रिय नाटक महोत्सव २०७३ का लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नाममा रकमान्तर निकासा। | १०००००० |
| कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको कार्य सञ्चालन र अन्य सेवा शुल्कको लागि नपुग रकम देहाय वमोजिम रकमान्तर निकासा | ४८१५०० |
| आन्तरिक राजस्व कार्यालयहरु | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | प्रचलित कानुन र स्वीकृत मापदण्ड वमोजिम खर्च गर्ने गरी आन्तरिक राजस्व कार्यालयहरुको कार्य सञ्चालनको लागि नपुग रकम थप रकमान्तर निकासा । | ८२७२००० |
| भंसार कार्यालयहरु (गस्ती टोली समेत) | ६०२०२१३ | महशूल तथा अन्य भुक्तानी | भन्सार कार्यालयहरुको कार्य सञ्चालनको लागि नपुग रकम थप रकमान्तर निकासा । | ३०००००० |
| भंसार कार्यालयहरु (गस्ती टोली समेत) | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | भन्सार कार्यालयहरुको कार्य सञ्चालनको लागि नपुग रकम थप रकमान्तर निकासा । | ११८७०००० |
| मर्मत संभार आयोजनाहरु | ६०२१०२४ | दैवी प्रकोप राहत तथा पुनर्स्थापना | प्रचलित कानून र मापदण्ड बमोजिम खर्च गर्ने गरी बाढी ग्रस्त सिंचाई प्रणालीहरुको पुनर्निर्माण गर्न सिंचाई मन्त्रालयको नाममा रकमान्तर निकासा। | ३०७८००००० |

| | | | | |
|---|---|---|---|---|
| नेपाली राजदूतावासहरु, स्थायी नियोगहरु र महावाणिज्य दूतावासहरु | ६०२०२०४ | भौतिक सुविधा | नेपाली राजदुतावास, पेरिसका लागि सवारी साधन खरिद गर्ने प्रयोजनको लागि परराष्ट्र मन्त्रालयको नाममा रकमान्तर निकासा । | ५०००००० |
| खानेपानी सेवा नियमन तथा पुनर्स्थापना कार्यक्रम | ६०२१०६४ | भैपरि आउने- विकास कार्यक्रम | बाँके, बर्दिया, सुर्खेत र दाङ जिल्लाका बाढीबाट क्षतिग्रसत खानेपानी आयोजनाहरुको लागि प्रचलित कानुन, मापदण्ड र स्वीकृत कार्यक्रम अनुसार खर्च व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई मन्त्रालयको नाममा रकमान्तर निकासा । | ९३२८१००० |
| वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | वाणिज्य विभाग तथा कार्यालयहरुका नपुग हुने खर्च शिर्षकहरुमा थप रकम निकासा स्वीकृत। | ६६१००० |
| वाणिज्य कार्यालयहरु | ६०२०२३३ | भैपरी आउने -साधारण प्रशासन | वाणिज्य विभाग तथा कार्यालयहरुका नपुग हुने खर्च शिर्षकहरुमा थप रकम निकासा स्वीकृत। | ३९७००० |